# २०७० सालको मदन पुरस्कारद्वारा सम्मानित 'खलंगामा हमला- एउटी नर्सको डायरी'का स्रष्टा श्री राधा पौडेलको उद्गार

**मदन पुरस्कार गुठीका अध्यक्षज्यू तथा परिवारजन, आदरणीय आचार्य शेर्पाज्यू, जगदम्बा-श्री पुरस्कार विभूषित श्रद्धेय श्री शिव रेग्मीज्यू, यस समारोहमा भौतिक तथा विद्युतीय माध्यमबाट सहभागी हुनु भएका भद्र महिला तथा सज्जनवृन्द !**

सर्वप्रथम त मेरो पहिलो संस्मरणात्मक किताब 'खलंगामा हमला' लाई २०७० सालको मदन पुरस्कार प्रदान गर्ने यस गुठीप्रति म हार्दिक आभार व्यक्त गर्दछु । आज यो सभाकक्षमा मान्यजनहरूका साम् उपस्थित भएर नेपाली भाषा-साहित्य क्षेत्रको सबभन्दा प्रतिष्ठित पुरस्कार ग्रहण गर्न पाउँदा म गौरवान्वित छु । यसले मलाई भाषा-साहित्यमा निरन्तर लागिरहने ऊर्जा प्रदान गरेको छ । सँगसँगै, म जुन सामाजिक कार्यको निम्ति जुम्ला पुगेर सशस्त्र द्वन्द्वको भुक्तमान भएँ र यो किताबको जन्म भयो, त्यसमा अरु क्रियाशील हुन यो पुरस्कारले मेरो मनोबल बढाएको छ ।

यो पुरस्कारको गरिमा र महत्त्व मैले त्यतिबेला थाहा पाएकी थिएँ, जब म चितवनको गौरीगन्ज स्कुलमा पढ्थें । स्कुलमा हाजिरजवाफ प्रतियोगिताको तयारी गर्दा पारिजातको 'शिरीषको फूल' कृतिले

नेपालको सबैभन्दा ठूलो र प्रतिष्ठित मदन पुरस्कार प्राप्त गरेको र उहाँ यो पुरस्कार जित्ने पहिलो महिला भएको मैले थाहा पाएकी हुँ। पछि मलाई प्रेमबस्ती स्कुलमा पढदा मेरी मिल्ने साथी शान्ता अधिकारीले पारिजात दिदीको 'अनिदो पहाड संगै' उपन्यास दिएकी थिइन्। पाठ्यक्रम बाहिरका किताब पढ्न उति प्रोत्साहित नगरिने त्यो बेला लुकी-लुकी पढेको उपन्यास आज पनि मेरो मनपर्ने कृतिमध्ये पर्छ।

म पारिजातको यति ठूलो प्रशंसक थिएँ, पोखरामा नर्सिङ क्याम्पस पढ्दा उहाँको चित्र बनाएर कोठाको भित्तामा टाँसेकी थिएँ, ताकि उहाँको प्रेरणा सधैं मेरो साथ रहिरहोस्।

समय बित्दै गयो। निकै पछि झमक घिमिरेको किताबले पनि मेरो मन उत्तिकै छोएको हो। उहाँको किताब पढेपछि आफूले त जिन्दगीमा केही गर्न सकिनछु भन्ने छट्पटाहट भएको थियो। संयोगले झमकजी प्रतिष्ठित मदन पुरस्कार पाउने दोस्रो महिला हुनुभयो।

आज श्रद्धेय स्वर्गीय पारिजात र झमक घिमिरेजस्ता महान महिलाहरूकी चेली भएर मदन पुरस्कार थाप्न तपाईंहरूसमक्ष उपस्थित हुन पाउनु मेरो निम्ति ठूलो अहोभाग्य हो।

जुन दिन यो पुरस्कार घोषणा भयो, म भृकुटीमण्डपमा भाइ सरोज दाहालसँग 'क्यान इन्फोटेक' मेला हेर्न गएकी थिएँ। त्यही बेला मेरो पुस्तक 'खलंगामा हमला' का सम्पादक सुदीप श्रेष्ठले फोन गरेर 'तपाईंले मदन पुरस्कार जित्नुभयो' भन्दा सुरुमा त पत्याउनै सकिनँ। त्यसपछि शुभेच्छुकहरूबाट असंख्य बधाइ आउन थालिहाल्यो। चौतर्फी प्रशंसा र बधाइले प्रदान गरेको जिम्मेवारीबोधका साथ यस गरिमामय सभामा उभिएर पुरस्कार ग्रहण गर्ने गौरवपूर्ण क्षणमा म

आफूलाई सामाजिक कार्यमा लाग्न प्रेरित र सहयोग गर्ने देश-विदेशका साथीभाइ, आफन्त, स्कुल-कजेलका गुरूहरू सबैलाई सधन्यवाद सम्झन्छु।

मेरा बा देवीप्रसाद पौडेलले, सानैमा मलाई जुम्ला चिनाउनुभयो । पढेर-लेखेर जुम्लालाई आफ्नो कार्यथलो बनाउन प्रेरित गर्नुभयो । यो किताब उहाँको त्यही हुर्काइ, लालनपालन र प्रेरणाको नतिजा हो भनेर म उद्घाटित गर्न चाहन्छु ।

म सम्झीरहेकीछु मेरी स्वर्गीय आमा गंगामाया पौडेललाई, जसले मलाई जिन्दगीमा रुनु कुनै पनि समस्याको समाधान हैन त्यसलाई आफ्नो सामर्थ्यले भ्याएसम्म पछ्याइरहने भन्ने गुण सिकाउनुभयो । सशस्त्र द्वन्द्वको त्रासबीच जुम्लामै बस्ने र त्यसपछि पनि फर्केर त्यहीं जाने आत्मबल मैले उहाँबाटै पाएकी हुँ ।

यो किताब प्रकाशन गर्ने नेपालयका किरणकृष्ण श्रेष्ठ र उहाँको टीमप्रति म सदैव कृतज्ञ रहनेछु । किताबको निम्ति सान्दर्भिक आवरण तस्बिर उपलब्ध गराइदिनुभएकोमा मोहन मैनालीलाई धन्यवाद भन्छु । सुदीप श्रेष्ठ, जसले यो किताब सम्पादन मात्र गर्नुभएन, म भित्रका अनुभूतिलाई अभिलेखन गर्न प्रेरित गर्नुभयो, उहाँ प्रति सधै ऋणी रहनेछु ।

मैले नेपाली साहित्यमा योगदान पुऱ्याउँला भन्ने सोच राखेर यो किताब लेखेकी थिइनँ । म केटाकेटीदेखि नै गरिबी र अन्यायसँग बम्ठेजोरी खेल्दै हुर्केकी हुँ । कहिले थाकें । कहिले अनगिन्ती प्रश्नको भारले थिचिएँ । कहिले खुसीले मात्तिएँ । कहिले साहसले फुलें । म ती भावनालाई कहिले मनमा खेलाउँछु, कहिले कापी-कलममा पोखिदिन्छु । त्यसैसँग रोइदिन्छु, त्यसैलाई प्रेम गरिदिन्छु । त्यसैसँग

मित लगाउँछु, सपनाहरू कोर्छु र बाटो खन्छु । यसरी लेख्दालेख्दै कहिले कसैका लागि गीत बन्यो, कसैका लागि कविता त कसैका लागि नाटक । र, अहिले बन्यो 'खलंगामा हमला' ।

मैले लेखेका चिर्कटहरू कति त चैतको हुरीले घरभित्रैबाट उडायो । कहिले घरभित्रै पखालियो त कहिले चुल्होमा आगो सल्काउँदा झोसियो । यस्तै समय र सन्दर्भसँग लतारिएर हिँड्दाहिँड्दै जन्मेको हो, 'खलंगामा हमला' । जिन्दगीले दिने सुख, दुःख अनुभूत गर्दा हात चलेछन् भने म फेरि आफ्नो अनुभूति बाँड्न आउनेछु । म प्रतिज्ञा गर्दिनँ, कोसिस गर्नेछु । म आखिर दुःख र अन्यायको भकारी न हुँ, 'खलंगा हमला'को त्यो कालरात्रिबाट बोनस जिन्दगी बाँचिरहेकी छु ।

म कर्मकी पुजारी हुँ । सामाजिक कर्मले मलाई भित्रैदेखि आनन्द दिन्छ । यस क्रममा असंख्य व्यक्तिका असंख्य कथासित मेरो जम्काभेट भइरहन्छ । समयले साथ दियो भने ती सबै कथा, आफ्ना सबै अनुभव र संस्मरण बाँड्न चाहन्छु । हरेक व्यक्तिका आफ्ना कथा हुन्छन्, अनुभव हुन्छन् । जति धेरै कथा लेखियो, जति धेरै भनियो, समाज उति परिपक्व र परिस्कृत हुन्छ । यसले भोलिका पुस्तालाई आफ्नो अतीत बुझ्न बाटो दिनेछ । उनीहरूले फरक-फरक परिवेश र दृष्टिकोणबाट लेखिएका संस्मरणको मूल्यांकन गर्दै आफ्नो इतिहासको समष्टिगत खाका बनाउन सक्नेछन् । हाम्रो आजलाई भोलिको निम्ति इतिहासका रूपमा जीवित राख्न पनि म प्रत्येक व्यक्तिलाई आफ्नो संस्मरण र अनुभूति बाँड्न आग्रह गर्दछु । मेरो यो सानो संस्मरणलाई प्रतिष्ठित मदन पुरस्कारको निम्ति योग्य ठानिनु आफैँमा प्रेरणा हो सम्पूर्ण नेपालीको निम्ति, जो आफ्नो कथा सुनाउन चाहन्छन्, आफ्नो आजको अनुभव भोलिका लागि बाँड्न चाहन्छन् ।

म मदन पुरस्कार गुठीप्रति यस कारण पनि आभारी छु, यसले 'खलंगामा हमला'लाई पुरस्कृत गरेर सिंगो कर्णालीको सवाललाई मूलप्रवाहमा ल्याएको छ । यो मेरो वा पुस्तकको मात्र होइन, सिंगो कर्णाली र कर्णालीबासीको निम्ति पनि सम्मान हो । म सम्पूर्ण कर्णालीबासीको तर्फबाट गुठीलाई धन्यवाद भन्छु । हामीले सदियौँदेखि हराएको र खोसिएको अधिकारको सानो हिस्सा पाएका छौँ ।

यही असोज ५ गते अन्तर्राष्ट्रिय शान्ति दिवसको अवसरमा मैले आफ्नी स्वर्गीय आमा र मेरा बाको नाममा जुम्लामा 'मितेरी गंगादेवी शान्ति पुरस्कार' घोषणा गरेकी छु। म मदन पुरस्कारको आधा रकम अर्थात् एक लाख रुपैयाँ त्यसैमा समर्पित गर्दछु । कसैका आँखामा नपरी आफ्नै सुरमा शान्ति स्थापनामा काम गरिरहेका व्यक्तिको योगदानको कदर गर्दै बर्सेनि एक महिला र एक पुरुषलाई यो पुरस्कार दिइनेछ। यो पुरस्कार म संस्थागत अध्यक्ष रहेको सामाजिक संस्था 'एक्सन वर्क्स नेपाल' को संरक्षणमा रहनेछ र आगामी शान्ति दिवसदेखि प्रदान गरिनेछ। हामीले यो संस्थामार्फत् 'मितेरी गाउँ-सँगसँगै बाँचौं' अभियान सञ्चालन गर्दै आएका छौं, जसको उद्देश्य कर्णालीबाट शुरु भएको शान्ति अभियान संसारभर फैलाउने, शान्तिको परिभाषा फेर्ने, न्याय दिलाउने र नेपालको पहिचान बदल्ने हो ।

यहाँहरूसँग बाँड्नुपर्ने अर्को कुरा छ, यो किताबमा उल्लिखित घटना २०५८ कात्तिक २८ गतेको हो। बाह्र वर्षमा खोलो फर्किएझैं यसले त्यतिखेर मदन पुरस्कार पाएको छ, जब म त्यही हमलामा परेर दिवंगतहरूको सम्झनामा जुम्लामा मितेरी शान्ति वाटिका निर्माण गर्ने अभियानको अन्तिम खुड्किलो टेक्ने अवस्थामा पुगेकी थिए। त्यस शान्ति वाटिकामा मितेरी शान्ति अनुसन्धान केन्द्र पनि स्थापना हुने म जानकारी गराउँछु। यहाँ म श्री महाशंकर देवकोटालाई अभिवादन

गर्दछु, जसले मलाई 'धर्मपुत्री' मान्नुभएको छ र उहाले मलाई उपलब्ध गराउनुभएको जग्गामा शान्ति वाटिका र मितेरी शान्ति अनुसन्धान केन्द्र रहनेछन ।

मैले किताबमा लेखेकी छु र सधैं भन्ने गर्छु, कुनै पनि व्यक्तिको जन्मिने ठाउँ उसको छनोटको विषय होइन। कोही धनी देशको धनी परिवारमा जन्मन्छ, ऊ धनी हुन्छ। त्यसमा उसको योगदान केही हुन्न। कोही गरिब देशको गरिब परिवारमा जन्मन्छ। त्यसमा पनि उसको दोष केही हुन्न। जहाँ जन्मे पनि, जहाँ हुर्के पनि, हामी सँगसँगै बाँच्न सक्छौं। जन्मका आधारमा आफूले पाएको क्षमता वा स्रोतलाई अलिकति बाँडेर ,बराबरीको हैसियतमा उभ्याउने सामर्थ्य हामीमा छ। प्रश्न यतिमात्र हो, यो सामर्थ्यको उपयोग कसरी गर्ने ?

'मितेरी गाउँ-सँगसँगै बाँचौं' अभियान यही प्रश्नको उत्तर खोज्ने जमर्को हो। मदन पुरस्कार ग्रहण गर्दा मलाई यो उद्देश्यमा अरु दृढ भएर लाग्न प्रेरित गरेको छ।

अन्त्यमा, म सम्पूर्ण कर्णालीबासीमा बधाइ र शुभकामना दिँदै मदन पुरस्कार गुठीप्रति आभार व्यक्त गर्दछु।

धन्यवाद ।